प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# परीक्षा नियन्त्रण कार्यालय

सानोठिमी, भक्तपुरको

## प्रि-डिप्लोमा (प्राविधिक एस.एल.सी.) तहको विशेष प्राविधिक शिक्षा छात्रवृत्ति कार्यक्रमको नियमित परीक्षा तालीका सम्बन्धी अत्यन्त जरुरी सूचना !

(सूचना प्रकाशित मिति: २०७८।०६।२५)

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, परीक्षा नियन्त्रण कार्यालयद्वारा मिति २०७८।०५।३१ गते गोरखापत्र दैनिकमा प्रकाशित परीक्षा आवेदन फाराम भर्ने बारेको सूचना बमोजिम प्रि-डिप्लोमा (प्राविधिक एस.एल.सी.) तहको **विशेष प्राविधिक शिक्षा छात्रवृत्ति कार्यक्रम अन्तर्गत देशभरका विपन्न, दलित र मुस्लिम समुदायका छात्रछात्राहरुबाट** शैक्षिक सत्र २०७६/०७७ का लागि विभिन्न कार्यक्रममा विभिन्न आङ्गिक शिक्षालयमा भर्ना एवं रजिष्ट्रेशन कायम भई अध्ययन पुरा गरी परीक्षा आवेदन फाराम भरेका परीक्षार्थीहरुको नियमित परीक्षा **सम्वन्धित शिक्षण संस्थामा** देहाय अनुसारको परीक्षा तालीका बमोजिम संचालन हुने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**परीक्षा समय : बिहान ८:०० बजे**

| Exam Date / Subject | 2078-08-01 | 2078-08-02 | 2078-08-03 | 2078-08-04 | 2078-08-05 | 2078-08-06 | 2078-08-07 | 2078-08-08 | 2078-08-09 | 2078-08-10 | 2078-08-11 |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **Agri. Plant Science (18 Months)** | Agriculture Extension & Community Development | Crop & Crop Seed Production | Plant Propagation & Ornamental Horticulture | Entrepreneurship Development | Vegetable & Vegetable Seed Production | Fruit Cultivation, Post-Harvest Horticulture & Plantation Crop | Agriculture Ecology and Sustainable Soil Management | Plant Protection & IPM FFS | Apiculture, Sericulture, Mushroom & Lac Culture | Farm Machinery, Structure & Irrigation | Aquaculture |
| **LP/AH (18 Months)** | Animal Health I | Animal Health II | Dairy and Dairy Product | Entrepreneurship Development | Livestock Product. & Management I | Livestock Product. & Management II | Animal Nutrition & Fodder Production | Extension and Community Development | | | |
| **Culinary Arts (18 Months-2016) Regular/Back** | Hospitality Communicative English | Introductory Tourism & Hospitality | Principle of Cooking | Entrepreneurship Development | Bakery and Patisserie | Continental Cookery | Nepali and Indian Cuisine | Hygiene & Nutrition | Oriental Cookery | Computer Application | |
| **Civil Engineering (18 Months)** | Construction Materials | Construction Technology | Engineering Surveying | Entrepreneurship Development | Estimating, Costing & Supervision | Road and Trial Bridge | Water Supply, Sanitary & Irrigation Engineering | | | | |
| **Electrical Engineering (18 Months)** | Applied Math | Engineering Drawing and Com. App. | Electro Technology | Entrepreneurship Development | Basic Electronics | | | | | | |
| **Mechanical Engineering (18 Months)** | Applied Math | Material Science | Workshop Technology | Entrepreneurship Development | | | | | | | |

**पुनश्च:**

१. उपरोक्त कार्यक्रम अनुसार परीक्षामा अनुपस्थित हुने परीक्षार्थीहरुका लागि पुन: अर्को व्यवस्था गरिने छैन।

२. प्रयोगात्मक परीक्षा सम्बन्धित शिक्षण संस्थामा नै संचालन हुने भएकोले सम्वन्धित शिक्षण संस्थाहरुले परिषद्को सम्वन्धित प्रदेश कार्यालयहरुसंग समन्वय गरी परीक्षा तालीका स्वीकृत गराई परीक्षा संचालन गर्नु गराउनु हुन समेत यसै सूचनाद्धारा जानकारी गराइन्छ।

३. प्रयोगात्मक परीक्षा सकिए लगत्तै ओ.जे.टि. मा पठाउनको लागि परिषद्, प्रदेश कार्यालयहरुसँग समन्वय गर्नुहुन समेत यसै सूचनाद्धारा जानकारी गराइन्छ।

४. आन्तरिक मूल्यांकन परीक्षामा अनुत्तिर्ण परीक्षार्थीहरु बाह्य परीक्षामा संलग्न हुन पाउने छैनन्। यदि यस्ता परीक्षार्थीहरुले परीक्षा आवेदन फाराम भरी परीक्षामा संलग्न भएमा सो परीक्षा स्वत: रद्ध हुनेछ र यसको जिम्मेवारी स्वयं शिक्षण संस्थाको प्राचार्य हुनु पर्नेछ।

५. परिषद्, परीक्षा नियन्त्रण कार्यालयको पूर्व सूचना बिना कुनै अप्रत्याशित विदा पर्न आएमा पनि परीक्षा स्थगित गरिने छैन।

६. परीक्षार्थीहरुले परीक्षा दिन आउंदा अनिवार्य रुपमा सक्कल प्रवेश पत्र साथमा लिई आउनु पर्नेछ।

७. परीक्षा केन्द्रमा नेपाल सरकारले तोकिएको स्वास्थ्य सम्बन्धी मापदण्ड पूर्ण रुपमा पालना गर्नुपर्नेछ।

८. नेपाल सरकारले तोकेको कोभिड-१९ सम्बन्धी जनस्वास्थ्यका मापदण्ड पूर्णत: पालना गरी परीक्षा संचालन गर्ने गराउने।

९. परीक्षा सम्बन्धित DCMC को समन्वयमा संचालन गर्ने।

१०. परीक्षा केन्द्रमा कम्तिमा २ मिटरको दुरी कायम गरी Z आकारमा परीक्षार्थीहरु राख्ने गरी सिट प्लान गर्ने।

११. परीक्षा केन्द्रमा परीक्षा संचालन समय भन्दा कम्तिमा १ घण्टा अगाडि परीक्षार्थीहरु प्रवेश गराई लाईनमा हुन सक्ने भिड न्युनिकरण गर्ने।

१२. Case Investigation and Contact Tracing (CICT) को सहजताका लागि प्रत्येक परीक्षार्थीलाई पहिलो दिनको परीक्षा शुरु हुन अगाडि CICT फाराम भर्न लगाई संकलित फाराम सम्बन्धित DCMC लाई उपलब्ध गराउने।

१३. कोभिड-१९ संक्रमित परीक्षार्थीको हकमा अरु सामान्य परीक्षार्थीहरुको परीक्षा शुरु भएको ३० मिनेट पछि मात्र प्रवेश गराई अरुको परीक्षा सकिएको ३० मिनेट पछि परीक्षाबाट निस्कने व्यवस्था मिलाउने, यस्ता परीक्षार्थीहरुलाई बेग्लै कोठा तथा बेग्लै शौचालयको व्यवस्थापन गर्ने। संक्रमित परीक्षार्थीहरुले प्रयोग गरेको सामग्री सम्बन्धित स्वास्थ्य कार्यालयको समन्वयमा अत्यन्त सावधानीका साथ संकलन व्यवस्था गर्ने।

१४. परीक्षा संचालनमा संलग्न प्राचार्य, शिक्षक, कर्मचारी तथा संभव भएसम्म विद्यार्थीहरुको खोपको निम्ति सम्बन्धित DCMC संग समन्वय गरी खोप लगाउने व्यवस्था गर्नु उपयुक्त हुने।

**यो परीक्षा तालीका www.ctevtexam.org.np मा पनि हेर्न सकिनेछ।**

**परीक्षा नियन्त्रक**